# वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना



# सञ्चालित सुरक्षा योजनाहरु

## सहभागिता-योगदान-सामाजिक सुरक्षा




**कोषका योजनाहरु ILO अभिसन्धी १०२ मा आधारित रहि योजनाहरु कार्यन्वयन भईरहेका।**

# योजनामा समावेश हुन कोषमा जम्मा गर्नु पर्ने रकम

- रकम अग्रिम आवधिक रुपमा समेत जम्मा गर्न सकिने ।
- न्युनतम वाहेक अतिरिक्त जम्मा गरिएको रकम अवकाश बचत योजनामा जम्मा गरिने ।

कम्तिमा न्यूनतम आधारभूत पारिश्रमिकको २१.३३% र बढिमा न्यूनतम आधारभुत पारिश्रमिकको तीन गुणा सम्म रकम जम्मा गर्न सकिने ।

# योजनाहरुमा रकमको बाँडफाँड

| | |
|---|---|
| १. दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुबिधा योजना | **७.४८%** |
| २. बृद्ध अवस्था सुबिधा योजना | |
| क) निवृत्तभरण सुबिधा | १३.८५% |
| ख) अवकाश सुबिधा | ००००% |
| जम्मा योगदान | २१.३३% |

**पुनश्चः उल्लेखित योगदान रकम बाहेक अतिरिक्त जम्मा गरेरमात्र अवकाश सुविधा योजनामा सहभागि हुन सकिने ।**










# योजनाहरुमा रकमको बाँडफाँड




सामाजिक बीमा कोषमा जम्मा हुने रकम बीमा अन्तर्गतको सुविधा भुक्तानीमा खर्च हुने भएकाले फिर्ता नहुने ।

# पहिलो योजनाः दुर्घटना तथा अशक्तता सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु




- पछिल्लो १२ महिनामा कम्तिमा ९ महिना योगदान गरेको योगदानकर्तालाई दुर्घटनाको अस्पतालमा भर्ना भईऔषधि उपचारको लागी वार्षिक रु १ लाख सम्म शोधभर्ना।
- दुर्घटनाको कारण अस्थाई पुर्ण असक्षम भएमा काममा नर्फकेसम्म नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ६०% वरावरको रकम।
- दुर्घटनाको कारण स्थाई रुपमा अशक्त भएमा अशक्तताको अनुपातमा नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ६०% सम्म आजिवन असक्षमता पेन्सन।

**कोषले तोकेको अस्पताल मार्फत उपचार गराउनु पर्ने। अन्यत्र उपचार गराउनु पर्ने भएमा ७ दिन भित्र अनुमति लिनु पर्ने।**

# दोस्रो योजनाः आश्रित परिवार सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु




**योगदानकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा**

- वृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकम प्रतिफल सहित फिर्ता,
- आश्रितलाई (बैवाहिक भए निजको पति वा पत्नि र बैवाहिक नभए एकाघरको निजको वुवाआमा) नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ४० % प्रति महिना पेन्सन,
- २१ वर्ष ननाघेका बालबच्चालाई नेपाल सरकारले तोकेको न्यूनतम आधारभुत पारिश्रमिकको ४० % शैक्षिकवृत्ती,
- रु २५ हजार अन्तिम संस्कार खर्च।

**शर्तहरु**

- पछिल्लो १२ महिनामा कम्तीमा ९ महिनाको योगदान गरेको हुनु पर्ने।
- आश्रित पेन्सन प्राप्त गर्न वैकल्पिक रोजगारी नभएको र दोस्रो विवाह नगरेको हुनु पर्ने।

# तेस्रो योजनाः वृद्धावस्था सुरक्षा योजना








१ अवकाश सुविधा योजना



२ निवृतभरण सुविधा योजना



# तेस्रो योजना: वृद्धावस्था सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु




## १. अवकाश योजना

- स्वेच्छिक रुपमा जम्मा गरेको अतिरिक्त रकमबाट सञ्चालन गरिने।
- रोजगारीको अन्त्य हुने वित्तिकै रकम निकाल्न सकिने।
- तोकिए बमोजिम ब्याज र लगानीबाट प्राप्त हुने थप प्रतिफल समेत पाइने।
- ३६ महिना योगदान पुगे पछि जम्मा भएको रकमको ८०% सापटीको रुपमा निकाल्न सकिने।

# तेस्रो योजना: वृद्धावस्था सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु

## २. निवृत्तभरण योजना




- ६० बर्ष उमेर पुगे पछी आफ्नो योगदानका आधारमा आजिवन निवृत्तभरण पाउने ।
  - निवृत्तभरण योजनामा जम्मा भएको प्रतिफल सहितको रकमलाई १६० ले भाग गरी मासिक निवृत्तभरण निर्धारण हुने ।
  - समय समयमा मुद्रास्फिति समायोजन हुदै पेन्सन बढ्दै जाने ।
- ६० बर्ष उमेर पुग्दै गर्दा १८० महिना भन्दा कमको योगदान भएमा एकमुष्ठ निकाल्न पनि पाईने ।
- कोषवाट निवृतभरण पाईरहेको व्यक्ति मृत्यू भएमा निजको पति वा पत्निलाई निवृतभरणको ५० प्रतिशत आजिवन मासिक रुपमा निवृतभरण ।

# अन्य छुटहरु

(क) कोषमा योगदान गर्नु पर्ने छ महिना भन्दा बढी अवधिको रकम अग्रीम रुपमा कोषमा जम्मा गर्ने योगदानकर्तालाई सञ्चालक समितिले निर्णय गरी जम्मा गर्नुपर्ने रकमको दश प्रतिशतसम्म छुट दिन सक्नेछ।

(ख) परिच्छेद-४ बमोजिम प्रदान गरिने सुविधाहरुमा लगातार तीन वर्षसम्म प्रयोग नगर्ने योगदानकर्ताले निवृत्तभरण योजनामा सहभागी हुनेगरी निवेदन दिएमा सञ्चालक समितिले निर्णय गरी उक्त योजनामा जम्मा भएको रकमको २० प्रतिशतसम्म वृद्धावस्था सुरक्षा योजनामा जम्मा गरिनेछ।

(ग) सम्वन्धित देशमा बसोवासको लागि लाग्ने खर्च कटाइ वार्षिक आम्दानीको कम्तिमा ७० प्रतिशत रकम बैंकिङ माध्यमबाट नेपाल पठाएको प्रमाण पेश गरेमा सञ्चालक समितिले निर्णय गरी वृद्धावस्था सुरक्षा बाहेकका योजनाहरुमा जम्मा गर्नु पर्ने रकममा २० प्रतिशत सम्म छुट दिन सकिनेछ।

# धन्यवाद




## विस्तृत जानकारीको लागी

- लग इन गर्नु होस: www.ssf.gov.np
- कल गर्नु होस: १११६
- इमेल गर्नु होस: info@ssf.gov.np
- सस्क्राइब गर्नु होस:

  Facebook : social security fund

  Viber: ssfnepal

वेबसाइट : www.ssf.gov.np मा गई ऐन नियम अन्तरगत सम्बन्धित कार्यविधि पाउन सक्नुहुनेछ।